बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि बिकास कार्यालय

फोन: ०११-४९०२०१/४९०५८९
Email: ...kavre@gmail.com
Website: ...ake.gov.np

प.स.: ०८०/०८१
च.न.:

धुलिखेल, काभ्रेपलाञ्चोक

## माटो परीक्षण शिविर संचालन सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०८१/०२/१८

सूचना नं. २२/२०८०/८१

प्रस्तुत विषयमा कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोकको माटो परिक्षण प्रयोगशालामा निःशुल्क रुपमा माटो परीक्षण शिविर कार्यक्रम संचालन गरिने भएकाले आफ्नो खेत बारीको माटो जाँच गर्न ईच्छुक काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाका कृषक/कृषह समुह/कृषि सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन (मिति २०८१/०२/३२) भित्र माटोको नमुना संकलन गरी देहाय बमोजिमको विवरण सहितको नमुना दर्ता गर्नुहुन सम्बन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

माटोको नमुना पेश गर्दा उल्लेख गर्नुपर्ने विवरण:

- कृषक/कृषक समुह/कृषि सहकारीना नाम र ठेगाना:
- सम्पर्क व्यक्तिको नाम :
- सम्पर्क नम्वर :
- नमुना लिएको जग्गाको किसिम: खेत/बारी/पाखो/पानी जम्ने/आदी
- नमुना संकलन गरेको मिति :
- नमुनाले प्रतिनिधित्व गर्ने जग्गाको क्षेत्रफल :
- यस अघि लगाईएको बाली र अब लगाउन चाहेको बाली :
- सिंचाईको अवस्था :

**पुनश्चः** माटोको नमुना लिने तरिका सम्वन्धी पोष्टर यसै सूचना साथ संलग्न गरिएको हुनाले सोही अनुसार नमुना संकलन गर्नुहुन अनुरोध छ। माटोको नमुना प्लाष्टिकको झोलामा हावा नछिर्ने गरी पोका पारी लिएर आउनु पर्नेछ। खुल्ला रुपमा प्राप्त माटोको नमुनालाइ परिक्षण कार्यमा सामेल गरिने छैन।
थप जानकारीको लागि कृषि विकास कार्यालयमा तथा कार्यालयको सम्पर्क नम्बर: ०११-४९०५८९, ०११-४९०२०१ मा सम्पर्क गर्न सकिनेछ।

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

फोन ०११-४९०२०१/४९०५८९
Email: akckavre@gmail.com
kavre.akc.gov.np

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि बिकास कार्यालय

प.स. : ०८०/०८१
च.न.:


धुलिखेल, काभ्रेपलाञ्चोक


## माटोको नमुना संकलन गर्ने तरिका

### अन्न र तरकारी बालीको लागि


एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, भिरालो पना आदि) भएको जमिनबाट १ वटा नमूना तयार गर्ने ।





एउटा माटोको नमूना तयार गर्ने १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमूना लिनु पर्दछ ।


प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो 'V' आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने ।







सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने ।

यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरुलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने ।







बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पूनः ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोको नमूना करिब १/२ केजी. नभएसम्म दोहोर्याउने । आधा केजी. माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने ।

### फलफूल बालीको लागि

फरक किसिमका माटो (जस्तै रङ्ग, बनावट, भिरालोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमूना तयार पार्ने ।






छनोट गरीएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक वटा ३ फिट गहिराईको खाल्डो खन्ने । माटोको नमूना लिने खाल्डोको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २, र ३ फिट गहिराईमा चिनो लगाउने ।

चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडोंमा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना संकलन गर्ने ।




यसरी छुट्टा छुट्टै संकलन गरेको माटो प्रत्यकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोर्याउने ।




यसरी तयार गरेको माटोलाई सफा प्लाष्टिकको थैलोमा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण जमिनको गहिराइ खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने ।

**माटोको नमुना परीक्षण गर्न पठाउँदा निम्न विवरण हुनु पर्दछ:**

नामथर:
ठेगाना:
खेतबारीको किसिम:
लगाउने बाली:
मिति:
जमिनको गहिराई: